**आकाशवाणी समाचार- नेपाली**

मितिः ०६ मई २०२५

समयः ०७.२५ - ०७.३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

१. पाकिस्तानले पञ्जाब र जम्मू कश्मीरको विभिन्न स्थानहरुमा गरेको मिसाइल आक्रमणहरू भारतको एयर डिफेंस यूनिट्सले विफल पारेको छ।

२. पाकिस्तानले हालै गरेको आक्रमणका कारण किशनगढ, भुन्टार र लुधियाना विमानस्थल बन्द गरिएको छ।

३. सीमापार आतंकवाद विरुद्ध भारतको कारबाहीको बारेमा विदेशमन्त्री डा. एस. जयशंकरले अमेरिकी विदेशमन्त्री, इटालीका उप प्रधानमन्त्री तथा विदेशमन्त्री र युरोपेली संघका विदेश मामिला तथा सुरक्षा नीतिका उच्च प्रतिनिधिसित बातचीत गर्नु भएको छ|

४. अमेरिकाका रोबर्ट फ्रान्सिस प्रिभोस्ट नयाँ पोप निर्वाचित हुनुभएको छ।

५. सावधानीका रूपमा हिजो पञ्जाब किंग्स र दिल्ली क्यापिटल्स बीचको आईपीएल म्याच रद्द गरिएको छ। हालको चुनौतीहरूका कारण म्याचको स्थलहरु परिवर्तन गरिएको छ।

**पाकिस्तानी मिसाइलहरू - जम्मू**

पाकिस्तानले जम्मू कश्मीरको सतवारी, साम्बा, आरएस पुरा र अर्नियामा आठ वटा मिसाइल प्रहार गरेको छ। रक्षा स्रोतहरूले भनेको छ कि सबै मिसाइल आक्रमणहरू एयर डिफेंस यूनिट्सले विफल पारेका थिए। जम्मू माथिका दृश्यहरूले इजरायलमाथि हमासको आक्रमणको सम्झना दिलाउँछन्। पाकिस्तानी सेनाले आतंकवादी समूह हमास जस्तै व्यवहार गरिरहेको छ। पाकिस्तानी गुप्तचर एजेन्सी आईएसआई र हमासबीच गत महिना पाकिस्तान प्रशासित कश्मीरमा भेट भएको थियो। पाकिस्तानले अन्तर्राष्ट्रिय सीमा नजिकै रहेका जम्मू, पठानकोट र उधमपुरका सैन्य अड्डाहरूलाई मिसाइल र ड्रोनले निशाना बनाएको थियो। तर कुनै क्षति भएको छैन। भारतीय सशस्त्र बलले मानक सञ्चालन प्रक्रियाहरू अनुसार गतिज र गैर-गतिज उपायहरू प्रयोग गरेर आक्रमणहरूलाई निष्क्रिय पार्यो। रक्षा स्रोतहरूले पश्चिमी सीमामा धेरै स्थानहरूमा शत्रुको आक्रमण ड्रोनहरू देखिएको बताएका छन्। यी भारतीय एयर डिफेंस यूनिट्सद्वारा प्रभावकारी रूपमा नष्ट गरिएका थिए। यसैबीच, हिजो राति लगभग ११ बजे, सीमा सुरक्षा बलले जम्मू कश्मीरको साम्बा जिल्लाको अन्तर्राष्ट्रिय सीमामा ठूलो घुसपैठको प्रयासलाई विफल पारेको छ।

**पञ्जाब-पाकिस्तान गोलीबारी**

पञ्जाबमा, सशस्त्र बलले हिजो राति पठानकोट, जालन्धर, अमृतसर र भटिंडा लगायतका केही स्थानहरूलाई लक्षित गर्ने पाकिस्तानको धेरै प्रयासहरूलाई विफल पारेको छ। जालन्धर, पठानकोट र भटिंडा लगायत केही जिल्लाका उपायुक्त र पुलिस प्रमुखहरूले भने, पाकिस्तानले ड्रोन जस्ता प्रहार गरेका हतियारहरूलाई हाम्रा सशस्त्र बलहरूले निष्क्रिय पारेका छन्। अहिलेसम्म कुनै क्षतिको रिपोर्ट आएको छैन। पाकिस्तानसँग ५५३ किलोमिटर लामो सीमा साझा गर्ने पञ्जाब उच्च सतर्कतामा छ। पञ्जाब पुलिसले आफ्ना सबै कर्मचारीहरूको बिदा रद्द गरेको छ। कुनै पनि चिकित्सा आपतकालीन अवस्थाको सामना गर्न राज्य स्वास्थ्य विभागलाई २४ घण्टा नै सतर्क राखिएको छ। सबै स्कूल, कलेज र विश्वविद्यालयहरूमा बिदा घोषणा गरिएको छ र सबै प्रकारका

परीक्षाहरू स्थगित गरिएको छ। अमृतसरको अटारी सीमा र फिरोजपुरको हुसैनीवाला र अन्य स्थानहरूमा रिट्रीट समारोहहरू सर्वसाधारणका लागि निषेध गरिएको छ।

**हवाई अड्डा सञ्चालन बन्द**

पाकिस्तानले हालै गरेको आक्रमणका कारण किशनगढ, भुन्टार र लुधियाना विमानस्थल बन्द गरिएको छ। यसअघि राजस्थान, पञ्जाब, जम्मू कश्मीर, चण्डीगढ र हिमाचल प्रदेश लगायत धैरै राज्यहरूमा विमानस्थलहरूको सञ्चालन निलम्बन गरिएको थियो। यसैबीच, नागरिक उड्डयन मन्त्रालयले देशभरका विमानस्थलहरू बन्द गरिएको भन्ने मिडिया रिपोर्टहरूको खण्डन गरेको छ। यसैबीच, दिल्ली हवाई अड्डाले यात्रा सम्बन्धी परामर्श जारी जारी गर्दै उडान सञ्चालन सामान्य रहेको बताएको छ। हवाई क्षेत्रको अवस्था परिवर्तन र कडा सुरक्षा व्यवस्थाका कारण केही उडानहरू प्रभावित भएका छन्।

**भारत पाकिस्तान – फर्जी समाचार**

पठानकोट वा राजौरीमा आतंककारीहरूले आत्मघाती हमला गरेको खबर पूर्णतया गलत छ। रक्षा स्रोतहरूले भनेका छन् कि दुबै तर्फबाट कुनै ट्याङ्क गतिविधि देखिएको छैन।

**दिल्ली - बिदा रद्द**

दिल्ली सरकारले अर्को आदेश नभएसम्मका लागि आफ्ना सबै अधिकारी र कर्मचारीहरूको बिदा रद्द गरेको छ। सरकारी आदेशमा भनिएको छ कि वर्तमान अवस्था र आपतकालीन अवस्थाको सामना गर्ने तयारीका कारण यो निर्णय गरिएको हो।

****** o ******

**जयशंकर – बातचीत**

विदेशमन्त्री डा. एस. जयशंकरले हिजो साँझ अमेरिकी विदेशमन्त्री मार्को रुबियोसँग कुरा गर्नुभयो। उहाँले सीमापार आतंकवाद विरुद्ध भारतको लक्षित र सन्तुलित कारबाहीको बारेमा जानकारी दिनु भयो। डा. जयशंकरले सामाजिक सञ्जाल पोस्टमा भन्नु भएको छ, भारतले हिंसा भड्काउने कुनै पनि प्रयासको कडाईका साथ सामना गर्नेछ। उहाँले आतंकवाद विरुद्धको लडाईमा भारतसँग मिलेर काम गर्ने अमेरिकाको प्रतिबद्धताको गहिरो कदर गरेको बताउनु भयो। डा. जयशंकरले इटालीका उप प्रधानमन्त्री तथा विदेशमन्त्री एन्टोनियो ताजानीसँगको टेलिकन्फरेन्समा आतंकवाद विरुद्ध लड्न भारतको लक्षित र सन्तुलित कारबाहीबारे छलफल गर्नु भयो। डा. जयशंकरले भन्नु भयो, संघर्ष बढाउने पाकिस्तानको कुनै पनि प्रयासको उचित जवाफ दिइनेछ। डा. जयशंकरले युरोपेली संघका विदेश मामिला तथा सुरक्षा नीतिका उच्च प्रतिनिधि काजा कालाससँग पनि समसामयिक घटनाक्रमबारे छलफल गर्नु भयो। विदेशमन्त्रीले भन्नु भयो, भारतले यस अवधिमा संयम अपनाएको छ र संघर्ष बढाउने कुनै पनि कार्यको कडा जवाफ दिइनेछ।

**तेलङ्गानाका मुख्यमन्त्री**

तेलङ्गानाका मुख्यमन्त्री ए. रेवन्त रेड्डीले भारतसँग ठूलो क्षमता रहेको बताउनु हुँदै पाकिस्तानलाई कडा चेतावनी दिनु भएको छ। अपरेशन सिन्दूर पछि सशस्त्र बललाई समर्थन गर्न हैदराबादको नेकलेस रोडमा रहेको सचिवालयदेखि इन्दिरा गान्धीको प्रतिमासम्म आयोजित ऐक्यबद्धता ऱ्यालीलाई सम्बोधन गर्दै उहाँले यस्तो बताउनु भएको हो । शान्तिप्रति भारतको ऐतिहासिक प्रतिबद्धतालाई प्रकाश पार्दै, श्री रेवन्त रेड्डीले भेलालाई भारत र पाकिस्तान दुवैले अहिंसात्मक संघर्षबाट स्वतन्त्रता प्राप्त गरेको सम्झना गराउनु भयो। उहाँले भन्नु भयो, भारत शान्तिप्रेमी देश हो। उहाँले भन्नु भयो, केही आतंककारी र उनीहरूका प्रायोजकहरूले शान्तिप्रति भारतको प्रतिबद्धतालाई कमजोरीको रूपमा गलत अर्थ लगाउँछन्। उहाँले हालै पहलगाम आतंकवादी हमलाको प्रतिक्रियामा सुरु गरिएको अपरेशन सिन्दूरको सफलतालाई उद्धृत गर्दै श्री रेवन्त रेड्डीले भारतको सशस्त्र बलको शक्ति र तयारीलाई जोड दिनु भयो। उहाँले भन्नु भयो, तेलंगानाका सबै चार करोड जनता यस अपरेशनमा हाम्रा सैनिकहरूको साथमा उभिएका छन्।

**केरलाका स्वास्थ्यमन्त्री**

पेरिन्थलमन्नाको अस्पतालमा भर्ना भएकी ४२ वर्षीया महिला निपाह भाइरसबाट संक्रमित भएको पाइएपछि केरला राज्यकी स्वास्थ्यमन्त्री वीणा जर्जले हिजो साँझ मलप्पुरममा अधिकारीहरूसँग एक आपतकालीन बैठक गर्नु भएको छ। बैठकपछि स्वास्थ्यमन्त्रीले भन्नु भयो, यी महिलाका केही आफन्तहरूसहित उच्च जोखिम वर्गका सात व्यक्तिको नमुनामा निपाह भाइरसको पुष्टि भएको छैन। उहाँले भन्नु भयो, महिलालाई मोनोक्लोनल एन्टिबडी दिइनेछ र उनको वरपरको तीन किलोमिटर क्षेत्रलाई कन्टेनमेन्ट जोन घोषणा गरिनेछ। मोनोक्लोनल एन्टिबडीहरू प्रयोगशालामा बनाइएका प्रोटिनहरू हुन् जसले शरीरको प्रतिरक्षा प्रणाली जस्तै काम गर्दछ। महिलाको सम्पर्कमा आएका व्यक्तिहरूको खोजी गर्ने प्रयास भइरहेको छ। स्वास्थ्यमन्त्री वीणा जर्जले भन्नु भयो, संक्रमणको स्रोतहरू पत्ता लगाइँदैछ। मानिसहरूलाई मास्क लगाउन र सेनिटाइजर प्रयोग गर्न अपील गरिएको छ।

**नयाँ पोप निर्वाचित**

अमेरिकाका रोबर्ट फ्रान्सिस प्रिभोस्ट नयाँ पोप निर्वाचित हुनुभएको छ।उहाँ क्याथोलिक चर्चको इतिहासमा पोप बन्ने पहिलो अमेरिकी हुनुहुन्छ। उहाँलाई पोप लियो चौधौं भनेर पनि  चिनिनेछ।शिकागोमा जन्मनु भएको उनान्सय वर्षीय श्री प्रिभोस्ट अगस्टिनियन अर्डरका सदस्य हुनुन्छ र पेरुमा सेवा पनि सेवा गर्नुभएको छ|उहाँलाई  पोप फ्रान्सिसले २०२३ मा बिशपहरूको डिकास्ट्रीको प्रिफेक्ट र ल्याटिन अमेरिकाको लागि पोन्टिफिकल आयोगको अध्यक्षको रूपमा नियुक्त गर्नुभएको थियो।
भ्याटिकन बालकोनीबाट मानिसहरूलाई सम्बोधन गर्नुहुँदै रोमन क्याथोलिक चर्चका नयाँ प्रमुखले सबैको लागि शान्तिको कामना गर्नुभयो|१३३ कार्डिनलहरूको सम्मेलन पछि, सिस्टिन चैपलको चिम्नीबाट निस्केको सेतो धुवाँले नयाँ पोपको चयनको घोषणा गऱ्यो। नयाँ पोप चयन गर्न दुई तिहाइ बहुमत, अर्थात् ८९ मत आवश्यक थियो।

**गेट्स-दान**

माइक्रोसफ्टका संस्थापक ६९ वर्षीय बिल गेट्सले आगामी २० वर्षमा आफ्नो ९९ प्रतिशत सम्पत्ति दान गर्ने घोषणा गर्नु भएको छ। उहाँले उक्त रकम गेट्स फाउन्डेसनलाई दान गर्नु हुनेछ जुन २०४५ मा तोकिएको समयभन्दा अगाडि नै बन्द हुनेछ। अनुमानित दान रकम लगभग १०७ अर्ब डलर छ। श्री गेट्सले आफ्नो फाउन्डेसनले स्वास्थ्य र विकास परियोजनाहरूमा पहिले नै १०० अर्ब डलर दान गरिसकेको र २०४५ सम्ममा थप २०० अर्ब डलर खर्च गर्ने अपेक्षा गरिएको बताउनु भएको छ।

**आईपीएल- मैच रद्द**

सावधानीका रूपमा हिजो साँझ पञ्जाब किंग्स र दिल्ली क्यापिटल्स बीचको आईपीएल म्याच रद्द गरिएको छ। यो म्याच धर्मशालाको हिमाचल प्रदेश क्रिकेट संघ स्टेडियममा भइरहेको थियो। स्टेडियमको फ्लडलाइटहरू निभ्दासम्म पञ्जाब किंग्सले १० ओभर र एक बलमा एक विकेटको क्षतिमा १२२ रन बनाएको थियो। धर्मशालामा आइतबार हुने पञ्जाब किंग्स र मुम्बई इन्डियन्सबीचको म्याच अब अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा खेलाइनेछ। हालको चुनौतीहरूका कारण म्याचको स्थल परिवर्तन गरिएको छ। यो खेल दिउँसो ३:३० बजेदेखि खेलिनेछ। आज लखनउमा, रोयल च्यालेन्जर्स बैंगलोरले लखनउ सुपर जायन्ट्सको सामना गर्नेछ। यो म्याच साँझ ७:३० बजे सुरु हुनेछ।

**बंगलादेश - सशस्त्र बल**

बंगलादेशमा मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले सशस्त्र बलका कमिशन्ड अधिकारीहरूलाई ६० दिनको लागि मजिस्ट्रेटको अधिकार फेरि दिएको छ। बंगलादेशमा कानून व्यवस्था कायम राख्ने उद्देश्यले उठाइएको यो कदम यसै महिनाको १४ तारिखदेखि लागू हुनेछ। यस सम्बन्धमा जारी गरिएको अधिसूचना अनुसार, बंगलादेश सशस्त्र बलमा क्याप्टेन र माथिल्लो श्रेणीका कमिसन्ड अधिकारीहरूलाई देशभर विशेष कार्यकारी मजिस्ट्रेटको अधिकार दिइएको छ।कोस्ट गार्ड र बोर्डर गार्ड बंगलादेशमा प्रतिनियुक्तिमा सेवा गर्ने सैन्य अधिकारीहरूलाई पनि समान अधिकार प्रदान गरिएको छ। बंगलादेशको अन्तरिम सरकारले कानून व्यवस्था सुधार गर्न गत वर्ष १७ सेप्टेम्बरमा कमिशन्ड सेनाका अधिकारीहरूलाई मजिस्ट्रेटको अधिकार दिएको थियो। यस वर्ष १२ जनवरी र १३ मार्चमा यसलाई थप गरिएको थियो।